प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
रुकुमकोट, रुकुम (पूर्व)

फोन: ०८८-४१३११३
Website:- csirukumeast.p5.gov.np
E-mail:- csidb.rukumeast@gmail.com

*प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०९/०१*

## आरनलाई आधुनिकिकरण गर्न सीप र प्रविधिमा सहयोग गरिने सम्बन्धी सूचना ।

यस कार्यालयको चालु आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्थानीयस्तरमा परम्परागत रुपमा संचालनमा रहेका आरनको संरक्षण तथा आधुनिकिकरण गर्न आरन संचालन गरिरहेका वा संचालन गर्न ईच्छुक उद्यमीहरुलाई उद्योग विकास, आधुनिकिकरण तथा बजारीकरणमा सहयोग पुर्‍याउदै उद्योगको प्रवर्द्धन गर्ने उद्देश्यले आवश्यक सीप विकास तालिम र प्रविधि हस्तान्तरण गर्ने कार्यक्रम रहेकाले उक्त कार्यक्रममा सहभागी हुन चाहाने यस जिल्ला भित्रका साधारण लेखपढ गर्न सक्ने १८ वर्ष उमेर पुरा भएका ईच्छुक उद्यमी/व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपशिल बमोजिमको कागजातहरु सहित कार्यालयले तोकेको ढाँचामा फाराम भरी निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

***तपशिलः***

- नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो -२ प्रति ।
- सीप विकास तालिम पश्चात व्यवसाय संचालन गर्ने प्रतिबद्धता ।

***द्रष्टव्यः***

- म्याद नाघी वा रितपूर्वक ढाँचामा पेश नभएका निवेदनहरु स्वत रद्द हुनेछ।
- आवश्यक प्रशिक्षार्थी संख्याः- १० जना मात्र ।
- तालिम संचालन पश्चात व्यवसाय स्थापना वा स्तरोन्नतीमा सहयोग गर्ने उद्देश्यले प्रशिक्षार्थीलाई दर्ता प्रमाण-पत्रको आधारमा लागतको ८०% कार्यालयले र २०% प्रशिक्षार्थीहरुले व्यहोर्ने गरी आवश्यक प्रविधि समेत हस्तान्तरण गरिन्छ।
- थप जानकारीका कार्यालय वा कार्यालयको फोन नं. ०८८-४१३११३ वा कार्यालय प्रमुखः-९८५७८४२११३ मा सम्पर्क गर्नुहोला ।

मधुकर डाँगी
(उद्योग अधिकृत)